# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

## मिति २०७५/०८/०७ गते वसेको जिल्ला अनुगमन तथा समन्वय समितिको वैठकको निर्णय

**निर्णय नं. १ :**

काठमाडौं जिल्ला भित्रका स्थानीय तहहरुबाट नदीजन्य निर्माण सामग्री ढुंगा, गिट्टी, वालुवा खानीजन्य वस्तुहरुको कर दस्तुर संकलनको लागि ठेक्का वन्दोवस्त भएको विवरणहरु (ठेकेदारको नाम, स्वीकृत ठेक्का रकम, स्वीकृत परिमाण, उत्खनन तथा संकलनस्थल, घाटगद्दीस्थल) माग गरी सवै स्थानीय तहहरुको एकीकृत विवरण जिल्ला समन्वय समितिबाट तयार गरी आगामी वैठकमा पेश गर्ने ।

**निर्णय नं. २ :**

यस जिल्ला अन्तर्गतका विभिन्न स्थानीय तहहरुमा संचालनमा रहेका वालुवा खानी, क्रसर तथा वासिङ्ग उद्योगहरुको नगरपालिकागत विवरण माग गर्ने र ती खानी तथा उद्योगहरुले प्रचलित कानून वमोजिम ईजाजत तथा स्वीकृती लिई संचालन गरे नगरेको, IEE का शर्तहरु परिपालना गरे नगरेको र तोकिएका मापदण्डहरु पुरा गरे नगरेको सम्वन्धमा स्थलगत अनुगमन गरी आवश्यक निर्देशन दिने ।

**निर्णय नं. ३ :**

प्राकृतिक स्रोत ढुंगा, गिट्टी तथा वालुवाको अवैध ओसारपसार गरी राजश्व चुहावट र चोरी निकासीलाई नियन्त्रण गर्न, स्थानीय प्रहरी/सुरक्षाकर्मीहरु परिचालन गर्ने । विना कागजात (रसिद, विल आदि) तथा ईजाजत नलिई अवैध रुपमा निर्माण सामग्री (ढुंगा, गिट्टी, वालुवा) ढुवानी गर्ने सवारी साधनहरुलाई तत्काल नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि जि.स.स.मा पठाउन महानगरीय प्रहरी परिसर मार्फत सवै प्रहरी इकाईहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. ४ :**

मिति २०७५/०३/३१ गते भएको काठमाडौं जिल्लाको दोस्रो जिल्ला सभाको निर्णयानुसार स्वीकृती वा ईजाजत नलिई अवैध रुपमा ढुंगा, गिट्टी, वालुवा ओसारपसार गरेका सवारी साधनहरुलाई नियन्त्रणमा लिई देहाय वमोजिम जरिवाना/कारवाहीको लागि सम्वन्धित प्रहरी इकाईबाट जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने र यसरी सवारी साधनबाट असुल भएको जरिवाना वापतको ४० प्रतिशत रकम पुरस्कार स्वरुप सम्वन्धित प्रहरी इकाईलाई उपलब्ध गराउने व्यवस्था जिल्ला समन्वय समितिले मिलाउने र वाँकी रहेको रकमबाट जिल्ला समन्वय समितिले अनुगमन तथा समन्वय समितिको वैठक व्यवस्थापन, अनुगमन र अन्य समन्वयात्मक कार्यमा खर्च गर्ने प्रवन्ध मिलाउने ।

**तपशिल**

| क्र.सं. | साधन | पहिलो पटक | दोहोरिएमा |
|---|---|---|---|
| १ | ट्याक्टर | ५०००.०० | १००००.०० |
| २ | छ चक्के ट्रक/टिप्पर | १२०००.०० | २००००.०० |
| ३ | १० चक्के ट्रक/ टिप्पर | १८०००.०० | २५०००.०० |

**निर्णय नं. ५ :**

जिल्ला भित्र हुने प्राकृतिक स्रोत (ढुंगा, गिट्टी, वालुवा) को उत्खनन, संकलन र ओसारपसारको कार्य प्रचलित कानून र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, तोकिएको मापदण्ड वमोजिम भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन गर्न र जिल्ला अनुगमन तथा समन्वय समितिको कार्यलाई थप प्रभावकारी वनाउन देहाय वमोजिमको कार्यदल गठन गर्ने ।

| | |
|---|---|
| संयोजक : | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं |
| सदस्य : | जिल्ला समन्वय समितिले तोकेको जि.स.स. सदस्य १ जना |
| सदस्य : | यस कार्यसंग सम्वन्धित कार्यालयको ईन्जिनियर १ जना |
| सदस्य : | सम्वन्धित नगरपालिकाको अधिकृत प्रतिनिधि १ जना |
| सदस्य : | सम्वन्धित प्रहरी ईकाईको प्रहरी निरिक्षक |
| सदस्य सचिव | अधिकृत प्रतिनिधि, जि.स.स. काठमाडौं |